# पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८३

प्रस्तावनाः पत्रकारिता विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन स्वरूप छात्रवृत्ति उपलब्ध गराउन वार्षिक स्वीकृत पत्रकारिता विषय अध्ययनरत छात्र/छात्राहरुलाई छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "छात्रवृत्ति" भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ।

(ख) "छनोट समिति" भन्नाले दफा ४ बमोजिमको छनोट समिति सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट मान्यता प्राप्त शैक्षिक संस्था सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयलाई समेत जनाउँछ।

(ङ) "तह" भन्नाले अध्ययन गरिने शैक्षिक कार्यक्रमको तहलाई सम्झनुपर्छ। (जस्तैः माध्यमिक तह/स्नातक तह/स्नातकोत्तर तह)

३. छात्रवृत्तिको प्रक्रियाः (१) यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि आवेदन आह्वान गर्न मन्त्रालयले आफ्नो वेबसाइट तथा राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात् विद्यार्थीले देहाय बमोजिमको कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा आवेदन दिनुपर्नेछः-

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अनुसूची-२ बमोजिमको विद्यालयको सिफारिस पत्र,

(घ) आदिवासी जनजाती, दलित, मधेशी, थारु, मुस्लिम, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, विपन्न नागरिक भए सो सम्वन्धमा सम्बन्धित निकायबाट जारी भएको सिफारिस पत्र,

(ङ) विद्यार्थीको नाममा रहेको बैंक खाताको विवरण (चेकको प्रतिलिपि),

(च) सूचनामा तोकिए बमोजिमका अन्य कागजात।



मा. भण्डारी लाल अहिर
मन्त्री

(३) उपदफा (२) बमोजिम आवेदन पेश गर्दा आवश्यक कागजात संलग्न गरी मन्त्रालयको इमेल ठेगानामा समेत पठाउन सकिनेछ।

४. छनोट समितिः (१) यस कार्यविधि बमोजिम प्राप्त निवेदन तथा कागजातलाई अध्ययन तथा रुजु गरी छात्रवृत्तिको लागि छनोट गर्न देहाय बमोजिमका सदस्यहरू रहने गरी एक छनोट तथा सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख (सञ्चार हेर्ने), मन्त्रालय -संयोजक

(ख) कानुन अधिकृत, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, पत्रकार महासंघ, लुम्बिनी प्रदेश -सदस्य

(ङ) शाखा प्रमुख, सञ्चार शाखा, मन्त्रालय -सदस्य-सचिव

(२) समितिले आफ्नो कार्यको सहजीकरणको लागि सम्बन्धित विषय वा क्षेत्रका विज्ञ तथा मन्त्रालयको कर्मचारीलाई आमन्त्रण गरी कार्य सम्पादन गर्न सक्नेछ।

(३) समितिका सदस्यले सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ बमोजिमको नियमानुसार बैठक भत्ता पाउनेछन।

५. छनोट समितिको काम, कर्तव्य र अधिकारः छनोट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत बजेटको परिधिभित्र रही दर्ता भएका निवेदनहरूको अनुसूची-३ को आधारमा तहगत रुपमा छात्रवृत्तिको संख्या निर्धारण गर्ने,

(ख) प्राप्त निवेदन तथा संलग्न कागजातहरूको जाँचबुझ गरी छात्रवृत्तिको लागि छनोट गरी मन्त्रालयसमक्ष पेस गर्ने।

(ग) छात्रवृत्ति वितरण प्रक्रियामा कुनै बाधा उत्पन्न भएमा कार्यविधि र सर्वोत्तम हितका आधारमा समाधान गर्ने,

(घ) छात्रवृत्ति वितरण कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गर्न लगाउने।

६. छात्रवृत्ति संख्याः (१) चालु आ.व.मा प्रदान गरिने कुल छात्रवृत्ति संख्या मध्ये ४० प्रतिशत खुल्ला र ६० प्रतिशत समावेशी आधारमा संख्या निर्धारण गरिने छ ।

(२) उपदफा (१) बमोजिम समावेशी तर्फको ६० प्रतिशतलाई सतप्रतिशत मानी देहाय बमोजिमका समूहमा संख्या निर्धारण गरिनेछ।

(क) महिलाः ३३ प्रतिशत

(ख) आदिवासी जनजातीः १५ प्रतिशत

(ग) मधेसीः १४ प्रतिशत

(घ) दलितः १३ प्रतिशत



मा. भण्डारी लाल अहिर
मन्त्री

(ङ) थारुः १२ प्रतिशत

(च) मुस्लिमः ६ प्रतिशत

(छ) अपाङ्गता भएका व्यक्तिः ३ प्रतिशत

(ज) पिछडिएको वर्ग/क्षेत्र, सिमान्तकृत, लैंगिक तथा यौनिक अल्पसंख्यकः ४ प्रतिशत

७. छात्रवृत्ति प्रदान गर्ने सर्तहरूः समितिले यस कार्यविधि बमोजिम छात्रवृत्तिको लागि छनोट गर्दा देहाय बमोजिमको सर्तहरू पुरा गर्नु पर्नेछः-

(क) लुम्बिनी प्रदेशभित्र स्थायी बसोबास भई पत्रकारिता विषय लिई कक्षा १२, स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहमा अध्ययनरत हुनुपर्ने,

(ख) जुन तहमा हाल अध्ययन गरिरहेको हो सो तहको वर्ष (Year level/ Semester level ) का लागि मात्र छात्रवृत्ति प्रदान गरिने,

(ग) छात्रवृत्ति प्राप्त गर्नको लागि जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सोभन्दा एक तह मुनिको पढाई (Year level /Semester) अनिवार्य उत्तिर्ण भएको हुनु पर्ने,

(घ) जुन तहको अध्ययनको छात्रवृत्तिको लागि आवेदन दिएको हो सो तहमा लुम्बिनी प्रदेश सरकारबाट छात्रवृत्ति नलिएको अनुसूची-४ बमोजिमको स्वघोषणा हुनुपर्ने,

(ङ) अनुसूची-५ बमोजिमको कबुलियतनामा गरेको हुनुपर्ने।

८. छात्रवृत्ति रकम, निकासा र प्रक्रियाः (१) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रवृत्तिको रकमको सिमा देहाय बमोजिम हुनेछः-

| क्र.सं. | अध्ययनरत तह/कक्षा | प्रति विद्यार्थी उपलब्ध गराउने रकम (रु. हजारमा) |
|---|---|---|
| १ | कक्षा १२ | २० (बिस) |
| २ | स्नातक | ५० (पचास) |
| ३ | स्नातकोत्तर | ५० (पचास) |
| ४ | विद्यावारिधि | ५५ (पचपन्न) |

(२) छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति बापतको रकम मन्त्रालयले सम्बन्धित विद्यार्थीको बैंक खातामा जम्मा गर्नेछ र सोको जानकारी सम्बन्धित विद्यालयलाई दिनुपर्नेछ।

९. सरकारी बाँकी सरह असुल उपर गरिनेः छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले यस कार्यविधिमा तोकिएको सर्त विपरीत कार्य गरेमा वा अध्ययन बीचैमा छाडेमा निजलाई प्रदान गरिएको छात्रवृत्ति रकम मन्त्रालयले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।



मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

## छात्रवृत्ति आवेदन फाराम

श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल।

### विषयः छात्रवृत्ति सम्बन्धमा।

प्रस्तुत विषयमा आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) को मिति ................ को सूचना बमोजिम पत्रकारिता विषय अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति उपलब्ध गराई पाउन मेरो व्यक्तिगत, संस्थागत र अन्य विवरण तपसिलमा खुलाई मन्त्रालय समक्ष यो निवेदन पेस गरेको छु।

१. व्यक्तिगत विवरणः

(क) नाम थरः ख) ठेगानाः

(ग) आमा/बुबाको नामः

(घ) विद्यालयको नामः

(ङ) विद्यालयको प्रकारः सामुदायिक ☐ सरकारी ☐ निजि ☐

(च) अध्ययन गरिरहेको तह र संकायः

(छ) पत्रकारिता क्षेत्रमा काम गरेको अनुभव भएको भए अनुभव खुल्ने कागजातः

(ज) छात्रवृत्ति माग गरेको तह/वर्ष/सेमेष्टरः *(जस्तैः स्नातक तह/प्रथम वर्ष/दोस्रो सेमेस्टर)*

(झ) अध्ययनरत तह भन्दा एक तह मुनीको तह (Year level/Semester) मा उत्तिर्ण भएको विवरणः

(ञ)अध्ययनरत तहमा लुम्बिनी प्रदेश सरकारबाट छात्रवृत्ति नलिएको अनुसूची-४बमोजिमको स्वघोषणाः

(ट) छात्रवृत्ति समूहः अ. खुला ☐

आ. समावेशी (महिला/आदिवासी जनजाती/मधेशी/दलित/थारु/मुस्लिम/ अपाङ्गता भएका व्यक्ति/पिछडिएको वर्ग/क्षेत्र, सिमान्तकृत, लैंगिक तथा यौनिक अल्पसंख्यक)

२. शैक्षिक विवरण *(पछिल्लो २ तहको विवरण)*

| क.सं. | अध्ययन गरेको शैक्षिक संस्था | विषय | उत्तिर्ण साल | श्रेणी/जि.पि.ए. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.अध्ययन लागत

क) अध्ययन गर्न चाहेको क्याम्पसको वार्षिक कुल पढाई शुल्क (भर्ना, मासिक, प्रयोगात्मक):

४. माथि उल्लेख गरेको बेहोरा ठिक/साँचो छ। झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदक

नामः

ठेगानाः

दस्तखतः

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

विद्यालयको सिफारिस पत्र

श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः छात्रवृत्तिका लागि सिफारिस गरिएको।

उपर्युक्त सम्बन्धमा यस विद्यालयमा अध्ययनरत देहायको विद्यार्थीले तहाँ मन्त्रालयबाट उपलब्ध गराइने पत्रकारिता छात्रवृत्ति प्राप्त गर्न योग्य रहेको सिफारिस गराईपाउँ भनी निवेदन दिएकोले विद्यालयको अभिलेख अनुसार देहायबमोजिम रहेको प्रमाणित गरिन्छ।

विद्यार्थीको विवरणः

विद्यार्थीको नाम थरः ......................................................

स्थायी ठेगानाः ..............................................................

कक्षा/तहः .................................... रोल नं.: .........................

तल्लो तह/सेमेष्टरको उत्तीर्ण/अनुत्तीर्ण (प्राप्ताङ्क प्रतिशत)................

सम्पर्क नं.: ...................................................................

उक्त विद्यार्थी यस विद्यालयमा नियमित रूपमा अध्ययनरत रहेको, अध्ययनरत तहमा लुम्बिनी प्रदेश सरकारको तर्फबाट कुनै छात्रवृत्ति प्राप्त नगरेको र छात्रवृत्ति प्राप्त गर्न योग्य रहेको हुँदा प्रचलित नियमअनुसार छात्रवृत्ति उपलब्ध गराइदिनुहुन सिफारिस गरिन्छ।

.........................................
प्रधानाध्यापक/शिक्षक
विद्यालयको नामः
ठेगानाः
सम्पर्क नं.:
विद्यालयको छाप

मा. भण्डारी लाल अहिर
मन्त्री

## अनुसूची-३

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

**छात्रवृत्ति छनोटका आधार**

| क.सं. | छात्रवृत्ति छनोटको आधार | सूचक | अङ्कको वर्गीकरण |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता (जुन तहको अध्ययनको लागि आवेदन दिएको हो सो भन्दा एक तह मुनीको शैक्षिक योग्यतामा प्राप्त प्रतिशत/जिपिए) | प्रथम श्रेणी/जिपिए ३.२ भन्दा माथि | २० अङ्क |
| | | द्वितीय श्रेणी/जिपिए २.८ देखि ३.२ | १० अङ्क |
| | | तृतीय श्रेणी/जिपिए २.० देखि २.८ | ५ अङ्क |
| २ | पत्रकारिता क्षेत्रमा काम गरेको अनुभव | प्रति वर्ष २ अङ्कको दरले | २० अङ्क |
| ३ | सरकारी विद्यालयमा अध्ययनरत विद्यार्थी भएमा | - | १० अङ्क |
| | जम्मा | ५० अङ्क | |

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-४

(दफा ७ को खण्ड (घ) सँग सम्बन्धित)

## स्वघोषणाको ढाँचा

श्री आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय,

राप्ती उपत्यका (देउखुरी), नेपाल।

विषयः छात्रवृत्ति नलिएको स्वघोषणा।

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयबाट प्रकाशित मिति .................. को सूचना बमोजिम प्रदान गरिने पत्रकारिता छात्रवृत्तिका लागि आवेदन पेश गर्ने क्रममा म ......................................................... (पूरा नाम), ......................................................... (शैक्षिक संस्था) मा ......................................................... तह/वर्षमा अध्ययनरत विद्यार्थी हुँ। मैले हालसम्म लुम्बिनी प्रदेश सरकारबाट ....... तहमा छात्रवृत्ति नलिएको स्वघोषणा गर्दछु। यस छात्रवृत्तिका लागि पेश गरेको मेरो व्यक्तिगत, शैक्षिक तथा अन्य विवरणहरू सत्य, तथ्यपूर्ण र सही छन्। उल्लेखित व्यहोरा झुट्टा वा गलत प्रमाणित भएमा प्रचलित कानुनबमोजिम हुने कारवाही सहन मञ्जुर गर्दछु।

**स्वघोषणा गर्ने विद्यार्थीको विवरणः**

नाम, थरः .............................................................

ठेगानाः .............................................................

अध्ययनरत शैक्षिक संस्थाः .............................................................

अध्ययनरत तह/वर्षः .............................................................

सम्पर्क नं.: .............................................................

मिति: .............................................................

हस्ताक्षरः .............................................................

मा. भण्डारी लाल अहिर
मन्त्री

अनुसूची-५

(दफा ७ को खण्ड (ङ) सँग सम्बन्धित)

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानून, उद्योग तथा यातायात मन्त्रालय राप्ती उपत्यका(देउखुरी), नेपाल

कबुलियतनामा

श्री ............................... को नाति/नातिनी श्री ............................... को छोरा/छोरी जिल्ला.................... गा.पा. / न.पा. / उ.म.न.पा./ म.न.पा. ........................... वडा. नं. .......... मा स्थायी बसोबास भएको हाल ......................................................विद्यालयमा ......................................................विषयमा अध्ययनरत विद्यार्थी म श्री ...................................................... (नागरिकता नं.) मन्त्रालयबाट प्रदान गरिने पत्रकारिता अध्ययन छात्रवृत्तिमा छनोट भएकोले **पत्रकारिता अध्ययन छात्रवृत्ति कार्यविधि, २०८३** को सर्तहरूको पूर्ण पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति बापत पाएको रकम फिर्ता बुझाउनेछु। सो रकम मैले नबुझाएमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असुल गरेमा मेरो मञ्जुरी भएकोले सो बमोजिम कबुलियतनामा गरी मन्त्रालयमा बुझाएँ।

छात्रवृत्ति पाउनेको

दस्तखतः

नामः

सम्पर्क नं.:

इमेलः

ईति संवत् २०८३ साल...................महिना.............. गते रोज............शुभम...........

मा. भण्डारी लाल अहिर

मन्त्री